# इलाम नगरपालिका
# इलाम नगरपालिकाको राजपत्र

**खण्ड : ६ सङ्ख्या : ४ मिति : २०७९।१०।६**

**भाग १**

**इलाम नगरपालिकाको बाह्रौं नगर सभाबाट पारित इलाम नगरपालिका, आर्थिक (पहिलो संशोधन) ऐन, २०७९ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## इलाम नगरपालिका, आर्थिक (पहिलो संशोधन) ऐन, २०७९

**नगर सभाबाट स्वीकृत मिति : २०७९।१०।६**
**प्रमाणीकरण मिति : २०७९।१०।६**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिकाको एघारौ नगर सभाबाट मिति २०७९।३।९ मा स्वीकृत इलाम नगरपालिका, विनियोजन ऐन, २०७९ कार्यान्वयन भइरहेको सन्दर्भमा सो ऐनलाई थप व्यवस्थित गर्नका लागि निम्नानुसार संशोधन गर्न बाञ्छनीय भएकोले इलाम नगरपालिका, बाह्रौ नगर सभाको मिति २०७९।१०।६ को निर्णयबाट **इलाम नगरपालिका, आर्थिक (पहिलो संशोधन) ऐन, २०७९** जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम इलाम नगरपालिका, आर्थिक (पहिलो संशोधन) ऐन, २०७९ रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** अनुसूची ९ को बहाल भाडा शीर्षकको १.१३ नं. मा तोकिएको भाडा दर २४२०।०० लाई घटाई १५००।०० कायम गर्ने र उल्लिखित भवनको माथिल्लो तलाको हलको मासिक भाडा रु १०००।०० कायम गर्ने । साथै शेरा बसपार्कको पाले घरको मासिक भाडा रु १२००।०० कायम गर्ने ।

**३.** अनुसूची ९ को बहाल भाडा शीर्षकको २ नं. मा उल्लिखित कृषि बजारमा नव निर्मित भवनको सटर कोठाको लागि तोकिएको भाडा दर क वर्ग प्रति बर्ग फुट २८०।००, ख वर्ग प्रति बर्गफुट २१०।०० (क वर्ग रु ४०००।०० ख वर्ग रु ३०००।०० मा १० प्रतिशत घटाई भाडा असुल गर्ने । (घटाउदा हुन आउने २५२ प्रतिशत र १८९ प्रतिशत ३६०० र २७००)

**४.** अनुसूची १२ को सि.नं. ५३ मेसिनरी तथा औजार भाडाको साविक दरमा

**५.** अनुसूची १३ को सि.नं. १.५ को उप सि.नं. २ मिनीहलको न्यूनतम मासिक भाडा १५०००।०० र सो मिनीहलसँग जोडिएको पूर्वतर्फको कोठाको न्यूनतम मासिक भाडा रु ७५००।००

**६.** अनुसुची ५ सँग सम्बन्धित कृषि जन्य बस्तुको व्यावसायिक कारोबार गर्ने व्यवसायीहरुलाई करको दायरामा ल्याई निम्नानुसार लगाउने

| क.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | घिउ | २।०० | प्रति केजी |
| २ | छुर्पी | २।०० | प्रति केजी |
| ३ | ललिपप | १।५० | प्रति केजी |
| ४ | चिज | १।५० | प्रति केजी |
| ५ | खुवा | १।५० | प्रति केजी |
| ६ | अदुवा | १०।०० | प्रति मन |
| ७ | अलैची | ५।०० | प्रति केजी |
| ८ | कुचो | ३०।०० | प्रति मन |
| ९ | आलु | १०।०० | प्रति मन |
| १० | अन्य तरकारी | ५००।०० | प्रति माझदह/ ट्रक |
| ११ | अन्य तरकारी | २००।० | प्रति पिकप |
| १२ | अन्य तरकारी | ३००।०० | प्रति ट्याक्टर/ |
| १३ | मह | ५।०० | प्रति केजी |
| १४ | तयारी चिया | १।०० | प्रति केजी |

**७.** नगरपालिकाको एकीकृत सम्पतिकर व्यवस्थापन कार्यविधि ,२०७४ को नाम संशोधन गरी सम्पतिकर र भूमिकर/ मालपोत व्यवस्थापन कार्यविधि हुने गरी संशोधन गर्ने ।

**८** सम्पतिकरको संरचनाको प्रकार बनोट, किसिम र प्रयोगको आधारमा चलनचल्तीको मूल्य विश्लेषण गरि नयाँ दररेट कायमको सिफारिस गर्न निम्नानुसारको सम्पति मूल्यांकन समिति गठन गर्ने ।

निम्न
संयोजक – प्रमुख वा उपप्रमुख
सदस्यहरु – मालपोत कार्यालयका प्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा प्रमुख
सदस्य सचिव – राजश्व शाखा प्रमुख

आज्ञाले
गणेशकुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत